## कार्यपालिका वैठक नं.१५ आ.व.२०८१- ०८२ (२०८२/०३/०५)

आज मिति २०८२/०३/०५ गतेका दिन बिहान ८: ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. अधिकृत | शर्मिला अधिकारी | |
| १७ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ | |
| १८ | का. सहयोगी | विमला ढकाल | |

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.१८, आ.व.२०८०- ०८१ (२०८१/०३/०५ का प्रस्तावहरु**

१. समिक्षा सम्वन्धमा ।

२. न्यायिक समितिको आ.व.०८१/८२ को प्रगति प्रतिवेदन सम्वन्धमा ।

३. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

- आँवुखैरेनी गाउँपालिका सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०८२
- कर्मचारी इन्धन सुविधा सम्वन्धी मापदण्ड, २०८२
- आँवुखैरेनी गाउँपालिकाको वातावरणमैत्री शासन कार्यविधि, २०८२
- कर्मचारीको आवास सुविधा व्यवस्थापन कार्यविधि, २०८२
- दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको छनौट, सेवा सुविधा, कार्य सम्पादन मूल्याङ्कन, सम्मान तथा विदाई कार्यविधि, ०८२
- आँवुखैरेनी गाउँपालिकाको वस्ती विकास तथा भवन निर्माण कार्यविधि, ०८२
- भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी कार्यविधि, ०८२
- करार शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि, ०८२

४. शिक्षक सरुवा सम्वन्धमा ।

५. राहत उपलब्ध गराउने सम्वन्धमा ।

६. १७ औं गाउँसभामा अनुमोदनको लागि पेश गरिने प्रस्तावहरु सम्वन्धमा ।

- आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम ।
- आर्थिक विद्येयक, २०८२ ।
- विनियोजन विद्येयक, २०८२ ।
- आर्थिक वर्ष ०८२/८३ को योजना, वजेट, तथा आय व्यय विवरण ।
- विभिन्न विद्येयक, नियम, कार्यविधि, मापदण्ड, आचारसंहिता, अनुमोदन सम्वन्धमा ।

७. विविध सम्वन्धमा ।

Scanned with CamScanner

## कार्यपालिका वैठक नं.१८, आ.व.२०८०- ०८१ (२०८२/०३/०५ का निर्णयहरु

**१. समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको वैठकवाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुवाट पेश हुन आएको जेठ महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको जेठ महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**२. न्यायिक समितिको आ.व.०८१/८२ को प्रगति प्रतिवेदन सम्बन्धमा ।**

न्यायिक समितिको संयोजक तथा गाउँपालिका उपाध्यक्ष ज्यूले पेश गर्नुभएको न्यायिक समितको प्रगति प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयो ।

**३. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विधायन समितिबाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु उपर छलफल गरीउक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्वन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसंग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

- आँबुखैरेनी गाउँपालिका सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०८२
- कर्मचारी इन्धन सुविधा सम्वन्धी मापदण्ड, ०८२
- आँबुखैरेनी गाउँपालिकाको वातावरणमैत्री शासन कार्यविधि, २०८२
- कर्मचारीको आवास सुविधा व्यवस्थापन कार्यविधि, २०८२
- दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ x (०८१/१०/११ मा स्वीकृत भइसकेको)
- महिला सामदायिक स्वास्थ्य स्वयंसेविकाको छनौट, सेवा सुविधा, कार्य सम्पादन मूल्याङ्कन, सम्मान तथा विदाई कार्यविधि, ०८२
- आँबुखैरेनी गाउँपालिकाको वस्ती विकास तथा भवन निर्माण कार्यविधि, ०८२
- भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी कार्यविधि, ०८२
- करार शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि, ०८२

Scanned with CamScanner

**निर्णय नं. ४. शिक्षक सरुवा सम्वन्धमा ।**

यस आँवुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित इन्द्रदेवी आधारभुत विद्यालयमा नि.मा.वि.तह शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक करिस्मा सारु मगरलाई उक्त विद्यालयमा विद्यार्थि सँख्या न्यून भएकोले आँवुखैरेनी गाउँपालिका वडा नं. ४ स्थित चण्डेश्वरी आधारभुत विद्यालयमा समान तहमा सरुवा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५. राहत उपलब्ध गराउने सम्वन्धमा ।**

यस आँवुखैरेनी गाउँपालिका वडा नं. २ निवासी पुर्ण वहादुर ढकालको बुहारी सरोज ढकालको श्रीमी पवित्रा ढकालको ढकाल कृषि तथा पशुपन्छी फर्ममा पालन गरेको ब्रोइलर कुखुरा जंगली जनावरको आक्रमणवाट मरी क्षति भएको हुँदा राहत उपलव्ध गराईदिन भनि पेश भएको निवेदन उपर छलफल गरी क्षति सम्वन्धी प्रहरी मुचुल्का, प्राविधिक मूल्याकंन, वडाको सिफारिसको आधारमा गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकवाट भुक्तानी हुनेगरी जम्मा रु.२०,०००/-( अक्षररुपी विस हजार रुपैंया मात्र ।) राहत उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६. १७ औं गाउँसभामा अनुमोदनको लागि पेश गरिने प्रस्तावहरु सम्बन्धमा ।**

- आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
- आर्थिक विद्येयक, २०८२ स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो

निर्णय नं. ७ गाउँसभामा अनुमोदनको लागि पेश गरिने विनियोजन विद्येयक, वजेट तथा कार्यक्रम र अन्य प्रस्तावहरु उपर आगामी कार्यपालिका बैठकमा थप छलफल गरी निर्णय गर्ने निर्णय गरियो ।

Scanned with CamScanner